

नेपाल सरकारका तर्फबाट वार्ता टोलीका संयोजक तथा मिटरब्याज विरूद्ध किसान मजदुर आन्दोलनका प्रतिनिधिबीच भएको सम्झौता



(१) फर्जी लिखतहरू खारेज गर्दै मिटरब्याज उन्मूलनको घोषणा गर्ने

लामो समयदेखि आर्थिक सामाजिक विसङ्गतिको रूपमा रहेको मिटरब्याज सम्बन्धी समस्यालाई आर्थिक अपराधको रूपमा लिई मिटरब्याज सम्बन्धी कुप्रथाको उन्मूलन भएको घोषणा गर्न आगामी मन्त्रिपरिषद्को बैठकमा पेश गर्ने गरी नेपाल सरकारसमक्ष सिफारिस गर्ने। यो घोषणा सँगै नागरिकहरूमाथि आपराधिक तथा दुषित मनसायका साथ बनाइएका मिटरब्याजसँग सम्बन्धित फर्जि लिखतहरू (तमसुक, दृष्टि बन्धक, रजिष्ट्रेशन, (छिनुवा) पास, बाध्यकारी चेक आदि) स्वतः अवैध हुनेछन् ।

(२) मिटरब्याज अपराध नियन्त्रण सम्बन्धी ऐन लागू गर्ने

मिटरब्याज अपराध नियन्त्रण सम्बन्धी ऐन निर्माण गर्न गृह मन्त्रालयले तीन महिना भित्र विधेयकको मस्यौदा तयार गरी कानून निर्माणको प्रक्रिया अगाडि बढाउने । उक्त ऐनमा मिटरब्याजलाई अपराध घोषणा गर्ने सम्बन्धी देहायका प्रावधानहरू समावेश गर्ने:-

(क) मिटरब्याज सम्बन्धी अपराधको परिभाषा र कसुर कायम गर्ने व्यवस्था गर्ने ।

(ख) पीडितले गुमाएको चलअचल सम्पत्ति फिर्ता दिलाई उचित क्षतिपूर्ति भराउने ।

(ग) भ्रष्टाचार, आपराधिक लाभ लगायतबाट आर्जित रकम क्यासिनो, ढुकुटी र ठेक्कापट्टा लगायतमा परिचालन गरी शहरी मिटरब्याजीबाट व्यक्तिहरूको उठिबास लाउने समस्या समाधानका कानूनी व्यवस्था गर्ने ।

(घ) मिटरब्याज बारे न्याय निरुपण गर्न मिटरब्याज सम्बन्धी मुद्दा हेर्ने न्यायाधीकरणको व्यवस्था गर्ने ।

(ङ) मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ३६ बमोजिम वडा कार्यालयमा लिखत प्रमाणीकरण गर्दा रकमको वैधानिक स्रोत, कर तिरेको निस्सा तथा बैंक वा वित्तीय संस्था वा कुनै विद्युतीय माध्यममार्फत कारोवार गरेको प्रमाण पेश नगरेको तथा एक पक्षको मात्र उपस्थितिमा प्रमाणीकरण गरेको लिखतलाई आधिकारिकता नदिने व्यवस्था गर्ने।

(च) मिटरब्याजको सम्बन्धमा सो अपराधको परिभाषा भित्र निम्न कुराहरूलाई समावेश गर्ने:-

१. नभएको वा नगरेको रकम लिए-दिएको भनी लिखत तयार गरेको,
२. वास्तविक रकमभन्दा बढी रकमको लिखत तयार गरेको,
३. लेनदेन गर्दाकै बखतमा ब्याज रकमसमेत साँवामा जोडी लिखत तयार गरेको,
४. ब्याजलाई साँवामा जोडी नयाँ लिखत तयार गरेको,
५. ऋणीले तिरे-बुझाएको रकमको भर्पाई नदिने वा लिखत नबनाउने गरेको,
६. प्रचलित कानुनमा तोकिएभन्दा बढी ब्याज लिएको र ऋणको साँवाभन्दा बढी ब्याज लिएको,
७. ऋण असुलीका लागि कुनै प्रकारको धम्की दिएको,
८. ऋण असूलीसँग जोडेर शारीरिक तथा मानसिक हिंसा वा शोषण गरेको,
९. मिटरब्याजको आधारमा ऋणीको चल तथा जमिनसहितका अन्य अचल सम्पत्तिको हक हस्तान्तरण गरी लिएको,
१०. ऋण लेनदेनको कारोबारमा नलेखिएको (खाली) वा लिएको रकमभन्दा बढी रकम उल्लेख गरी बाध्यकारी चेक काट्न लगाएको,
११. लेनदेन भएको भन्दा अगाडि वा पछाडिको मिति राखी लिखत तयार गरेको,
१२. एकै कारोबारको क्रममा समेत घरजग्गा पास, तमसुक, करार सम्झौता, चेक लगायतका सुरक्षण वापत् भनी आवश्यकता भन्दा बढी लिखत खडा गरेको,

१३. खाली कागजमा ल्याप्चे सही छाप गराई आफू अनुकुलको लिखत कागज तयार गरेको ।

१४. लिखत तयार गरी एक प्रति ऋणीलाई दिने नगरेको ।

(छ) मिटरब्याज अपराध सम्बन्धी कानूनमा समेटिने अन्य व्यवस्थाहरुः-

१. मिटरब्याजसम्बन्धी लिखतहरू सङ्कलन गर्ने, आवश्यक लिखतहरू झिकाउने र छानबिन गर्ने। पीडितको पक्षमा रहने प्रमाण सङ्कलन गर्न अध्ययन, अनुसन्धान, स्थलगत भ्रमण, सर्जमिन, छलफल र साक्षी किनाराका व्यक्तिहरूसँग बयान लिने, लिखतहरूको फरेन्सिक परीक्षण, कारोबारको बैधता तथा आधार परीक्षण गर्न सम्पत्तिको स्रोत तथा बैंक स्टेटमेन्ट अनिवार्य गर्ने लगायतका कार्य अपराध अनुसन्धान कार्यहरू मुलुकी फौजदारी संहिता बमोजिम हुने व्यवस्था गर्ने ।

२. मिटरब्याज गर्ने गरी ऋण लगानी गरेकोमा सम्पत्ति शुद्धीकरण सम्बन्धी अपराधमा अनुसन्धान गर्ने।

३. मिटरब्याजसँग सम्बन्धित मुद्दामा नियमित अदालतबाट फैसला भइसकेको वा अदालतमा विचाराधीन रहेका मुद्दाहरूको हकमा पुनरावलोकन समेतका लागि कानुनी अड्चनहरू फुकाउने।

४. मिटरब्याजसम्बन्धी कसुरमा पीडितहरूलाई कानुनी सहायता प्रदान गर्ने र पुनःस्थापना गर्न ठोस कार्यक्रम ल्याउने।

(३) उच्चस्तरीय समन्वय समिति गठन गर्नेः-

मिटरब्याज सम्बन्धी समस्याको समाधान गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको सचिवको संयोजकत्वमा गृह मन्त्रालयको सहसचिव सदस्य र मिटरब्याज विरुद्ध किसान मजदुर आन्दोलनको प्रतिनिधि समेत सदस्य रहने गरी एक उच्चस्तरीय समन्वय समितिको गठन गरिने छ । त्यस्ता पीडितको समस्या समाधान गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कर्यालयका सहसचिवको संयोजकत्वमा छुट्टै डेस्कको व्यवस्था गरिने छ ।

(४) जिल्लास्तरीय सहजीकरण समिति गठन गर्नेः-

मिटरब्याज पीडित व्यक्तिबाट प्राप्त गुनासो व्यवस्थापन गर्दै समस्याको समाधान गर्न देशभरका सबै जिल्लाहरूमा सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा देहायको समिति गठन गरी समस्या समाधानका उपाय पहिचान गरी ती उपायहरूको कार्यान्वयनलाई निरन्तरता दिने।

(क) सहायक प्रमुख जिल्ला अधिकारी - संयोजक

(ख) सम्बन्धित भूमि प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि - सदस्य

(ग) जिल्ला प्रहरी कार्यालयको प्रहरी नायब उपरीक्षक वा प्रहरी निरीक्षक - सदस्य

(घ) मिटरब्याज विरुद्ध किसान मजदुर आन्दोलनको तर्फबाट तीनजना प्रतिनिधि - सदस्य

(ङ) प्रमुख जिल्ला अधिकारीले तोकेको प्रशासकीय अधिकृत - सदस्य सचिव

उक्त समितिले ६ महिनाभित्र सबै उजुरीहरू फछ्यौंट गर्ने। उक्त समितिले हरेक हप्ता आवश्यकता अनुसार कम्तीमा ४ पटक बैठक बसी मिटरब्याज पीडितका समस्या समाधान गर्नुपर्नेछ।

(५) अनुगमन तथा समीक्षा समितिः

जिल्लास्तरीय सहजीकरण समितिका कार्यहरूलाई अनुगमन, समीक्षा गर्न र हप्ताको एकचोटि गृहमन्त्रालयमा प्रतिवेदन गर्न देहायको समिति रहनेछः-

(क) प्रमुख जिल्ला अधिकारी - संयोजक

(ख) सम्बन्धित भूमि प्रशासन कार्यालयको कार्यालय प्रमुख - सदस्य

(ग) जिल्ला प्रहरी कार्यालयको प्रमुख - सदस्य

(घ) मिटरब्याज विरुद्ध किसान मजदुर आन्दोलनको तर्फबाट एकजना प्रतिनिधि - सदस्य

(ङ) सहायक प्रमुख जिल्ला अधिकारी - सदस्य सचिव

(६) मिटरब्याज पीडितका विरुद्ध नेपाल सरकार वादी भई चलेका फौजदारी मुद्दा कानून बमोजिम फिर्ता लिने तथा मुद्दा अन्तिम फैसला भएकोमा सजाय माफी मिनाहा दिने सम्बन्धमा कानून बमोजिमको प्रक्रिया अगाडि बढाइनेछ ।

(७) आर्थिक समस्याका कारण मिटरब्याजबाट शोषित उत्पीडित वर्गलाई आर्थिक सहायता राहत तथा क्षतिपूर्ति सहित त्यस्तो मिटरब्याजको चक्रमा पर्न नदिने आर्थिक कार्यक्रमलाई वार्षिक बजेटमा समावेश गर्न अर्थ मन्त्रालयमा सिफारिश गर्ने ।

(८) **आन्दोलनका कार्यक्रम स्थगन**

'मिटरब्याज विरुद्ध किसान मजदुर आन्दोलन, नेपाल' ले घोषणा गरेको मिटरब्याज विरुद्धको (पैदल) न्याय मार्च (जनकपुर-काठमाडौं) आजकै मितिदेखि स्थगित गर्ने।

(९) यो सम्झौता तत्काल लागू हुनेछ। यो सम्झौतालाई दुवै पक्षले प्रभावकारी रुपमा कार्यान्वयन गर्न प्रतिवद्धता व्यक्त गरियो ।

मिटरब्याज विरुद्ध किसान मजदुर आन्दोलन,
नेपालको तर्फबाटः

अवधेश कुशवाहा - संयोजक

मनोज कुमार पासवान - सदस्य

रिजन रानामगर - सदस्य

किरण दमाई - सदस्य

लक्ष्मी घिमिरे सदस्य

रोहवर

निर्गराज जैशी

नेपाल सरकारका तर्फबाटः-

सचिव पुष्कर सापकोटा - संयोजक

काली प्रसाद पराजुली - सहसचिव

योगेन्द्र प्रसाद दुलाल - महानिर्देशक

डा. भीष्मकुमार भूसाल - महानिर्देशक

रोहवर

इश्वरी दत्त पनेरु

मितिः २०८३ साल श्रावण १ गते रोज ६ शुभम् ।